**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः १५** **मितिः २०८२/०२/२२**

## भाग – २

## बान्नीगढी जयगढ गाउँपालिका

### बान्नीगढी जयगढ गाउँपालिकाको आगलागी पीडितलाई नगद राहत वितरण कार्यविधि,२०८२

गाउँ कार्यपालिकाको बैठकबाट स्विकृत मिति:- २०८२/०२/२२

राजपत्रमा प्रकाशित मिति:- २०८२/०२/२७

<u>प्रस्तावना</u> : बान्नीगढी जयगढ गाउँपालिकाको ऐतिहासिक जयगढ बीच बजार क्षेत्रमा मिति २०८१ साल चैत्र २६ गतेको भीषण आगलागीबाट प्रभावित व्याक्ति, परिवार, पसल, गोदाम, नीजि घर कार्यालय तथा साना उद्योग व्यवसायहरूलाई आपतकालीन राहत स्वरूप नगद राहत प्रदान गर्ने, पीडित व्यवसायीहरूलाई

पूनःनिर्माण, पूनःउत्थान तथा पूनःस्थापनामा सहयोग पुर्‍याउने र राहत वितरण प्रक्रियालाई पारदर्शी, व्यवस्थित, समानुपातिक तथा वस्तुगत बनाउने उद्देश्यले विभिन्न स्रोतबाट गाउँपालिकाको आकस्मिक कोष खातामा प्राप्त भएको रकमलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् व्यवस्थापन ऐन, २०७४ को प्रावधानअनुसार एकद्धार प्रणालीबाट वितरण गर्न कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले,

बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम “आगलागी पिडितलाई नगद राहत वितरण कार्यविधि, २०८२” हुनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. <u>परिभाषा र व्याख्या</u> : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) “गाउँपालिका” भन्नाले बान्नीगढी जयगढ गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) “समिति” भन्नाले बान्नीगढी जयगढ गाउँकार्यपालिकाद्वारा गठित दफा ४ मा रहेको आगलागी पिडितको तथ्याङ्क संकलन, राहत वितरण तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ग) “राहत” भन्नाले नगद राहत सहायतालाई सम्झनु पर्छ।

(घ) “कार्यपालिका” भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ङ) “लाभग्राही” भन्नाले आगलागीको कारणले आफ्नो आवास, सम्पत्ति, वा जीविकोपार्जनका साधनमा प्रत्यक्ष क्षति व्यहोरेका नागरिक वा परिवारलाई सम्झनु पर्छ र सो शब्दले आगलागी पिडितलाई समेत जनाउँदछ।

३. <u>कार्यक्षेत्र</u> : यो कार्यविधि केवल बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ३ र ४ जयगढ बीच बजार स्थित आगलागीबाट प्रत्यक्ष रूपमा प्रभावित ४९ वटा व्यवसाय / गोदाम / घर / कार्यालय / परिवार / व्याक्तिहरुमा लागू हुनेछ ।

४. <u>समिति गठन</u> : आगलागी पश्चात गठन भई कार्यपालिकाबाट बैधानिकता प्राप्त वडा अध्यक्षको संयोजकत्वमा रहेको देहायको समितिलाई यस कार्यविधिमा समावेश गरिएको छः

आगलागी पिडितको तथ्याङ्क संकलन,राहत वितरण तथा व्यवस्थापन समिति

| | | |
|---|---|---|
| (क) किरण बहादुर खत्री | - | संयोजक |
| (ख) मोहनलाल ताम्राकार | - | सदस्य |
| (ग) गिरीराम नेपाली | - | सदस्य |
| (घ) खगेन्द्र प्रसाद शर्मा | - | सदस्य |
| (ङ) रतन बहादुर साउद | - | सदस्य |
| (च) पुरन सेट्टी | - | सदस्य |
| (छ) टंक बहादुर खड्का | - | सदस्य |
| (ज) धनराज साउद | - | सदस्य |
| (झ) तिलक ठकुल्ला | - | सदस्य सचिव |

५. राहत वितरणको आधार : प्रभावित व्यक्ति/व्यवसायको क्षतिको अवस्था, आर्थिक अवस्था, जीविकोपार्जनको अवस्था, व्यवसायको प्रकृति सहितको समितिले तयार पारेको अन्तिम प्रतिवेदनलाई राहत वितरणको मुख्य आधारका रुपमा लिईनेछ ।

६. राहत वितरणका लागी रकमको स्रोत : विपद व्यवस्थापनका लागी गाउँपालिको आकस्मिक कोष खातामा सुदूरश्चिम प्रदेश सरकार, विभिन्न सरकारी तथा गैरसरकारी संघसस्था, व्याक्ति, राजनैतिक दलहरु, सहायता समूहहरु लगायत विभिन्न स्रोतबाट प्राप्त भएको रकम राहत वितरणका लागी मुख्य स्रोतको रुपमा रहनेछ ।

७. राहत वितरण मापदण्ड : (१) राहत वितरणको प्राथमिकता, मापदण्ड तथा राहत रकम अनुसूची- १ बमोजिमको हुनेछ ।

(२) एउटै प्रकृतिको व्यवसाय सञ्चालन तथा संरचना भएता पनि क्षतिको विवरण, निर्भर परिवारको संख्या, तथा आर्थिक सामाजिक अवस्था आदिका आधारमा समितिको सिफारिस अनुसार राहत रकम भिन्न भिन्न हुन सक्नेछ।

(३) एकै पीडितले दुई वा दुई भन्दा बढी व्यवसाय सञ्चालन गरेको भएपनि सम्पूर्ण क्षतिलाई लेखाजोखा गरी उच्च प्राथमिकतामा राखिनेछ ।

८. लाभग्राही छनौट तथा राहत वितरण प्रक्रिया : (१) दफा ४ बमोजिमको समिति र गाउँपालिकास्तरीय विपद व्यवस्थापन समितिको संयुक्त बैठकले दफा ५ बमोजिमको आधार र दफा ६ बमोजिमको मापदण्डका आधारमा लाभग्राहीहरुको सूची, वर्गिकरण तथा सिफारिस रकम सहित कार्यपालिका बैठकमा पेश गर्नेछ।

(२) कार्यपालिका बैठकले आवश्यक परिमार्जनसहित अन्तिम निर्णय गर्नेछ।

(३) यसरी निर्धारण गरिएको लाभग्राहीको सूची र राहत रकम सहितको विवरण कार्यालयको बेभसाईट र सूचनापाटीमा अनिवार्य रुपमा प्रकाशन गर्नु गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशित भए पछि सम्बन्धित लाभग्राहीहरुले रकम भुक्तानीका लागी निवेदनसहित निम्न विवरणहरु कार्यालयमा पेश गर्नुपर्नेछः

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि
(ख) व्यवसाय दर्ता भएको भए प्रमाणपत्रको प्रतिलिपी
(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
(घ) जग्गा धनि पूर्जा भए प्रमाणपत्रको प्रतिलिपी
(ङ) सम्बन्धित लाभग्राही व्यक्ति / व्यवसायको बैङ्क खाता ।

(५) उपदफा (३) मा उल्लेख भएको आवश्यक प्रक्रिया पुरा भएपश्चात गाउँपालिकाले सम्बन्धित लाभग्राहीको बैंक खातामा रकम भुक्तानी गर्नेछ।

९. विशेष प्रावधान : आगलागीको क्रममा बाँकि बजारमा आगलागी फैलिन नदिनका लागी आफु बसोबास गर्दै आईरहेको पक्की घर स्थानीय बजार बासीको अनुरोधमा गाउँपालिकाले डोजर प्रयोग गरी भत्काए बाफत बजार बासी एकल महिला घरधनि निर्मला साउदलाई उच्च प्राथमिकतामा राखि पूनःनिर्माण तथा पूनःस्थापनामा लागी विशेष राहत दिइनेछ।

१०. विवाद समाधानः (१) राहत वितरणका सम्बन्धमा कुनै लाभग्राही वा व्यक्तिको गुनासो भएमा सात दिनभित्र गाउँपालिकामा उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुनासो प्राप्त भएको खण्डमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक छानमिन गरी निर्णय गर्न सक्नेछ ।

(३) राहत रकम निर्धारणका क्रममा कुनै लाभग्राही छुट भएको प्रमाणित भएमा समितिको सिफारिसमा कार्यापालिकाले निर्णय गरी राहत प्रदान गर्न सक्नेछ ।

११. अन्य व्यवस्था : (१) कार्यविधिमा उल्लेख नभएका विषयमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
(२) आवश्यक परेमा कार्यपालिकाले कार्यविधि संशोधन वा परिपूरण गर्न सक्नेछ।

१२. समाप्ति : यो कार्यविधि आगलागी पिडितलाई राहत वितरण सम्पन्न भएपश्चात स्वतः निष्क्रिय हुनेछ।

अनुसूचि -१
(दफा ७ सँग सम्बन्धित)

| क्र.सं. | श्रेणी | प्राथमिकता | मापदण्ड/विवरण | राहत रकम (रु.मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | क | अति उच्च | घर /टहरा सहितको व्यवसाय दुवै पूर्ण रूपमा जलेको | ४,००,००० -५,५०,००० | गोदाम, स्टक सामान तथा मेशिनरी सामानहरु |
| २ | ख | उच्च | घर र व्यवसायमा आंशिक क्षति भएको | ३,००,००० -४,००,००० | उच्च तथा मध्यम मूल्यका सामग्री |
| ३ | ग | मध्यम | व्यवसायमा पूर्ण/ आंशिक क्षति, टहरासहित व्यवसाय जलेको | १,५०,००० -३,००,००० | होटल व्यवसायी, किराना पसल तथा अन्य मध्यम खालका व्यवसाय |
| ४ | घ | न्यून | पूर्ण रुपमा जलेका साना व्यवसाय / कार्यालय /टहरा / अस्थायी आवास / कच्ची घर | १५,००० -१,५०,००० | सिलाई कटाई तथा कस्टमेटिङ व्यवसाय, घर, टहरा तथा आवासमा मात्र क्षति |

..................................

**आज्ञाले**

**बसन्त बहादुर रावल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**